# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, साउन १३ गते, २०७७ साल (अतिरिक्ताङ्क २३


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको ऐन नं. १०**

**नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको ऐन**

प्रस्तावनाः नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नागरिक लगानी कोष (दोस्रो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नागरिक लगानी कोष ऐन, २०४७ को प्रस्तावनामा संशोधनः** नागरिक लगानी कोष ऐन, २०४७ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "लगानीका अवसरहरु बढाउन तथा पुँजी बजारको विकासमा" भन्ने शब्दहरुको सट्टा "लगानीका अवसर बढाउन, अवकाश कोष तथा सामाजिक सुरक्षणका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारमा" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (४) मा रहेको "राख्न," भन्ने शब्दपछि "बहालमा लगाउन," भन्ने शब्दहरु थपिएका छन् ।

४. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **कोषको पुँजी र शेयर बाँडफाँटः** (१) कोषको अधिकृत पुँजी आठ अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले आठ करोड कित्ता शेयरमा विभाजन गरिनेछ ।

(२) कोषको जारी पुँजी आठ अर्ब रुपैयाँ र चुक्ता पुँजी तीन अर्ब रुपैयाँ हुनेछ र सो रकमको शेयरलाई देहाय बमोजिम बाँडफाँट गरी वितरण गरिनेछः-

(क) नेपाल सरकार - तेइस दशमलव तीन चार प्रतिशत

(ख) राष्ट्रिय बिमा संस्थान - एकतीस दशमलव पाँच पाँच प्रतिशत

(ग) नेपाल स्टक एक्सचेञ्ज लिमिटेड - दश प्रतिशत

(घ) अन्य बैंक वा वित्तीय संस्थाहरु - पन्ध्र दशमलव एक एक प्रतिशत

(ङ) सर्वसाधारण - बीस प्रतिशत ।

(३) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका शेयरधनीले आफूले लिएको शेयर बिक्री गर्नु परेमा कोष मार्फत् नेपाल सरकारबाट अनुमति लिनु पर्नेछ ।

(४) कोषले कुनै विदेशी बैंक वा वित्तीय संस्था वा विदेशी नागरिकलाई शेयर बिक्री वितरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) प्रत्येक शेयर अविभाज्य हुनेछ । शेयरवालाले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले साधारण सभामा मत दिन पाउनेछ र शेयरवालाको दायित्व निजले लिएको शेयरको मूल्यको हदसम्म सीमित रहनेछ ।"

५. **मूल ऐनको दफा ९ मा संशोधन**: मूल ऐनको दफा ९ को उपदफा (२) मा रहेका "नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको निकायको" भन्ने शब्दहरुको सट्टा "नेपाल धितोपत्र बोर्डको" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल ऐनमा दफा १८क. थप**: मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छ :-

"१८क. **स्वरोजगार व्यक्तिले रकम जम्मा गर्न सक्ने**: (१) स्वरोजगार व्यक्तिले दफा १८ बमोजिमको लगानीकर्ता हिसाब योजना अन्तर्गत कोषमा तोकिए बमोजिम रकम जम्मा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा हुने रकमको सङ्कलन, कोषमा जम्मा भएको रकमको भुक्तानी प्रक्रिया र कोषबाट पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "स्वरोजगार व्यक्ति" भन्नाले इन्जिनियर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षक लगायतका पेशा व्यवसाय गर्ने व्यक्ति वा निजसँग आबद्ध अस्थायी वा

सेवा करारमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले निजी रुपमा सञ्चालित कृषि, उद्योग र सेवा क्षेत्र लगायतका व्यवसाय, रोजगारीबाट आय आर्जन गर्ने वा बैदेशिक रोजगारमा संलग्न व्यक्तिलाई समेत जनाउँछ ।"

७. **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा १५, १६, १७, र १८क. बमोजिम लगानीकर्ता हिसाब योजना वा नागरिक एकाङ्क योजना अन्तर्गत सञ्चालित कार्यक्रममा जम्मा भएको रकममा प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफलको दर कोषले समय-समयमा निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।"

(२) उपदफा (४) मा रहेका "दफा १८" भन्ने शब्दहरुपछि "वा दफा १८क." भन्ने शब्दहरु थपिएका छन् ।

८. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम साधारण सभा बस्नुभन्दा कम्तीमा एक्काइस दिन अगावै सभा बस्ने स्थान, मिति र समय तोकी सभाको कार्यसूची (एजेण्डा) सहितको सूचना कोषले सबै शेयरवालाहरुलाई दिनु पर्नेछ र त्यस्तो सूचना कम्तीमा दुई पटक राष्ट्रियस्तरका दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (४) बमोजिम अर्कोपटक सभा बोलाएको सूचना दिँदा राष्ट्रियस्तरको कुनै दैनिक

पत्रिका मार्फत् दिन सकिनेछ र त्यसरी दिएको सूचनालाई रीतपूर्वकको सूचना मानिनेछ ।"

९. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) यस दफा बमोजिम विशेष साधारण सभा बोलाउँदा कम्तीमा पन्ध्र दिन अगावै सभा बस्ने स्थान, मिति र समय एवं कार्यसूची (एजेण्डा) समेत उल्लेख गरी कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।"

१०. **मूल ऐनको दफा २५ मा संशोधनः** मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छ :-

"२५. **सञ्चालक समितिको गठनः** (१) कोषमा देहाय बमोजिमका अध्यक्ष तथा सञ्चालक रहेको एउटा सञ्चालक समिति रहनेछ :-

(क) बैंकिङ्ग, बिमा वा पुँजी बजार सम्बन्धी विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुमध्ये नेपाल सरकारबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत एकजना - सञ्चालक

(ग) राष्ट्रिय बिमा संस्थानको प्रशासक - सञ्चालक

(घ) नेपाल स्टक एक्सचेञ्च लिमिटेडको महाप्रबन्धक - सञ्चालक

(ङ) अन्य बैंक तथा वित्तीय संस्थाहरुमध्येबाट त्यस्ता संस्थाले तोके बमोजिम निर्वाचित वा मनोनीत गरेको एकजना - सञ्चालक

(च) सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित एकजना - सञ्चालक

(छ) बैंकिङ्ग, बिमा वा पुँजी बजार सम्बन्धी विषयमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुमध्येबाट नेपाल सरकार, अर्थ मन्त्रालयले नियुक्त गरेको एकजना विज्ञ - सञ्चालक

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(३) अध्यक्ष र उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सञ्चालकको पदावधि तीन वर्षको हुनेछ । निजहरु पुनः नियुक्त हुन वा निर्वाचित हुन सक्नेछन् ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका सञ्चालक निज मनोनीत वा निर्वाचित हुँदाका बखत कायम रहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछन् ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) र (छ) बमोजिमका सञ्चालकलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।

तर त्यस्तो सञ्चालकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको कार्यावधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषको शेयर पुँजीमा दफा ५ बमोजिम कुनै परिवर्तन गरिएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी शेयरवालाहरुमध्येबाट सञ्चालकहरुको सङ्ख्या सातजनामा नबढ्ने गरी आवश्यकता अनुसार परिवर्तन गर्न सक्नेछ ।

(८) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले कोषको सचिव भई काम गर्नेछ ।"

११. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को उपदफा (२) झिकिएको छ ।

१२. **मूल ऐनको दफा ३२ मा संशोधनः** मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छ :-

"३२. **कोषको काम, कर्तव्य र अधिकारः** (१) कोषले ट्रष्टीको रुपमा बचतकर्तालाई दक्ष लगानी सेवा प्रदान गरी बढी प्रतिफल उपलब्ध गराउन देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ :-

(क) योगदानमा आधारित निवृत्तभरण, स्वास्थ्य बिमा जस्ता सामाजिक सुरक्षाको क्षेत्रमा आफैंले वा अन्य कुनै संस्थासँगको सहकार्यमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन गर्न,

(ख) निजामती कर्मचारी, सैनिक तथा प्रहरी कर्मचारी, शिक्षक तथा अन्य सङ्गठित संस्थाका कर्मचारीको लागि योगदानमा आधारित सावधिक जीवन बिमा कोष सञ्चालन गर्न,

(ग) तोकिए बमोजिमका उपदान कोष र पेन्सन कार्यक्रम सञ्चालन गर्न ।

(२) कोषले स्वेच्छिक वा अनिवार्य अवकाश कोष तथा लगानीकर्ता हिसाब योजना सञ्चालन गर्न कोषमा जम्मा हुन आएको रकम अवधि तोकी देहायको क्षेत्रमा लगानी गर्न सक्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापित कुनै वाणिज्य बैंकको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) वा समय सीमाको मुद्दति निक्षेपमा लगानी गर्न,



पा

(ख) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकद्वारा "क" वर्गको मान्यता प्राप्त कुनै वाणिज्य बैंकको जमानतमा कोषले तोकेको शर्तमा कुनै सङ्गठित संस्थामा ऋण लगानी गर्न,

(ग) कोषले उपयुक्त ठहऱ्याएको कुनै वाणिज्य बैंक, वित्तीय संस्था, बिमा कम्पनी वा त्यस्तो संस्था वा कम्पनीको शेयरमा लगानी गर्न,

(घ) नेपाल सरकार वा प्रदेश सरकार र निजी क्षेत्रसँग निजी तथा सार्वजनिक निजी साझेदारी मोडेलमा सम्पन्न हुने पूर्वाधार निर्माणका आयोजनामा लगानी गर्न,

(ङ) लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना वा कोषले सञ्चालन गरेका अन्य कार्यक्रममा जम्मा भएको रकमबाट वा कोषको आफ्नै स्रोतबाट नेपाल सरकारद्वारा निष्काशित ऋणपत्रमा लगानी गर्न,

(च) विदेशस्थित नेपाली नागरिकबाट एकाङ्क योजनामा सङ्कलन भएको रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कुनै स्वदेशी तथा विदेशी कम्पनी वा सङ्गठित संस्थासँगको सहकार्यमा विदेशी धितोपत्रमा लगानी गर्न,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा निकायबाट संस्थापना वा प्रवर्द्धन गरिएको विद्युत

उत्पादन वा प्रसारण वा अन्य पूर्वाधार निर्माणमा लगानी गर्न,

(ज) कुनै कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको डिबेञ्चरमा लगानी गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले लगानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै संस्थाको शेयरमा लगानी गर्दा वा संस्थापक शेयरधनी हुँदा त्यस्तो सङ्गठित संस्था वा कम्पनीको जारी पुँजीको बढीमा पच्चीस प्रतिशतसम्म लगानी गर्ने ।

तर कोषको आफ्नै सहायक कम्पनी खडा गर्न सो सीमा लागू हुने छैन ।

(ख) उपदफा (२) को खण्ड (छ) बमोजिम लगानी गर्दा सम्बन्धित कम्पनीको शेयरमा कोषले बढीमा पच्चीस प्रतिशत रकमसम्म लगानी गर्ने,

(ग) उपदफा (२) को खण्ड (ज) बमोजिम कुनै कम्पनी वा सङ्गठित संस्थाबाट जारी डिबेञ्चरमा लगानी गर्दा कुल डिबेञ्चरको बढीमा पच्चीस प्रतिशतसम्म लगानी गर्ने ।

(४) कोषले देहाय बमोजिमको क्षेत्रमा कर्जा प्रवाह गर्न सक्नेछ :-

(क) प्रचलित कानून बमोजिम संस्थापित सङ्गठित संस्थाहरुलाई कर्जा दिन,

(ख) कोषमा नियमित रुपमा रकम जम्मा गर्ने सहभागी व्यक्तिलाई विभिन्न

प्रकारका कर्जा योजनाहरु सञ्चालन गरी कर्जा प्रवाह गर्न,

(ग) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाहरुसँग मिली सह-वित्तीयकरणको आधारमा धितो विभाजन (परिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिन ।

(५) कोषले धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमको कार्य गर्न सक्नेछ :-

(क) विभिन्न प्रकारको धितोपत्रमा लगानी र पुनर्लगानी गरी धितोपत्रको स्वामित्व ग्रहण गर्न,

(ख) पहिलो वा दोस्रो बजारमा लगानी गरी धितोपत्रहरु खरिद गर्ने तथा थोक बिक्रेताको कार्य गर्न,

(ग) कोषद्वारा सञ्चालित अवकाश कोष तथा लगानीकर्ता हिसाब योजनामा सहभागीहरुलाई धितोपत्र खरिद गर्न ऋण तथा सापटी दिन,

(घ) सङ्गठित संस्थाहरुलाई धितोपत्र जारी गर्न प्रोत्साहित गर्ने तथा प्राथमिक निष्काशन र बिक्री प्रबन्धको रुपमा आवश्यक सेवाहरु प्रदान गर्न ।

(६) कोषले पुँजी बजार विकासका लागि आवश्यकता अनुसार देहाय बमोजिम सहायक कम्पनी वा संस्था स्थापना गर्न सक्नेछ :-

(क) लगानी विस्तारको लागि आफैले वा अन्य वित्तीय संस्था वा निकायसँग मिली कम्पनी स्थापना गर्न,

(ख) आफैं वा अन्य सङ्गठित संस्थाको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) स्थापना र सञ्चालन गर्न,

(ग) कोषलाई कुनै कम्पनी वा संस्थाको जायजेथा प्राप्त भएमा सो जायजेथाको उपयोग गर्न वा आफैंले वा अरु कुनै संस्थासँग मिली कुनै परियोजना सञ्चालन गर्न वा संस्थाको सञ्चालन गर्न वा नयाँ कम्पनी वा संस्था संस्थापना गरी सञ्चालन गर्न ।

(७) कोषको नाममा रहेको अचल सम्पत्तिको व्यवस्थापन सम्बन्धमा कोषलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) कुनै अचल सम्पत्ति एकमुष्ट, किस्ताबन्दी वा अन्य कुनै प्रकारबाट खरिद गर्ने, प्राप्त गर्ने, स्वामित्वमा वा भाडामा लिने र आफ्नो स्वामित्वमा रहेको अचल सम्पत्तिको बेचबिखन वा सट्टापट्टा गर्ने,

(ख) कोष आफैंले वा अन्य सङ्गठित संस्थासँग मिली कोषको स्वामित्वमा रहेको जग्गामा वा जग्गा खरिद गरी व्यावसायिक वा आवासीय भवनहरु निर्माण गर्ने,

(ग) आफ्नो स्वामित्वमा रहेको घर जग्गा वा खण्ड (ख) बमोजिम निर्माण गरिएका भवनहरु बहालमा दिने र बिक्री गर्ने ।

(८) यस ऐनको अधीनमा रही कोषले देहाय बमोजिमका कार्यहरु समेत गर्न सक्नेछ :-

(क) आफैं वा अन्य मर्चेन्ट बैंकसँग मिली कोषले निर्धारण गरे बमोजिम विभिन्न सङ्गठित संस्थाको शेयरको प्रत्याभूति (अण्डरराइटिङ्ग) गर्न,

(ख) समितिले तोके बमोजिमका सङ्गठित संस्थाहरुलाई ब्रीज फाइनान्सिङ्गको सुविधा वा सापटी प्रदान गर्न,

(ग) सङ्गठित संस्थाको वित्तीय व्यवस्था र बचत तथा लगानीका वैकल्पिक अवसरहरुका बारेमा दक्ष परामर्श सेवा प्रदान गर्न,

(घ) कोषले लगानी गरेको सङ्गठित संस्थाहरुको गठन, व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी काममा भाग लिन वा सघाउन,

(ङ) पुँजी बजार सम्बन्धी परामर्श सेवा प्रदान गर्न वा तत्सम्बन्धी तालिम सञ्चालन र सो सम्बन्धी अन्य कार्य गर्न,

(च) कोषले प्रदान गरेको सेवा बापत प्रबन्ध शुल्क, सेवा शुल्क, कमिशन, दलाली दस्तुर र अन्य शुल्कहरु लिन,

(छ) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी बैंकसँग बैंकिङ्ग कारोबार गर्न,

(ज) कुनै सङ्गठित संस्थाको वचनबद्धताको करार वा सम्झौता अनुसार दायित्व पूरा गरिदिने सम्बन्धमा एक ट्रष्टीको रुपमा प्रदान गरेको सुरक्षण वा वचनबद्धताको शर्त अनुसारका काम गर्न स्वीकृति दिने वा त्यस अनुसारको कार्य पूरा गर्न,

(झ) कुनै चल अचल सम्पत्तिलाई धितो वा धरौटी वा हाइपोथिकेशन वा सुरक्षणमा लिन वा राख्न र आवश्यकता अनुसार कुनै सम्झौता वा करार वा कुनै लिखतहरु वा कागजातहरु स्वीकार गर्न,

(ञ) यस ऐन बमोजिम आफूले गरेको लगानी वा प्रवाह गरेको कर्जाको सदुपयोग भए, नभएको सम्बन्धमा समय-समयमा तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गर्न वा गराउन ।

(९) कोषले कुनै व्यक्तिलाई दिएको सापटी वा ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम कोषमा रहेको सम्बन्धित व्यक्तिको सञ्चित रकमबाट असुल हुन नसकेमा कोषले असुल उपर गर्नु पर्ने त्यस्तो रकम निजको स्वामित्वमा रहेको अन्य चल, अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।"

१३. **मूल ऐनको दफा ३२क. मा संशोधन**: मूल ऐनको दफा ३२क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम कोषले डिबेञ्चरको ट्रष्टीको रुपमा गर्ने काम, कर्तव्य, अधिकार तथा पूरा गर्नु पर्ने दायित्व सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१४. **मूल ऐनको दफा ३४ मा संशोधन**: मूल ऐनको दफा ३४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) यस ऐन बमोजिम कोषमा नियमित रुपमा रकम जम्मा गर्ने व्यक्तिसँग कोषले गरेको कर्जा कारोबारसँग

सम्बन्धित लिखतको रजिष्ट्रेशन पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।"

१५. **मूल ऐनमा दफा ३४क थप**: मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"**३४क. कोषको अधिकार कायम रहने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले कर्जा प्रवाह गर्दा लिएको जुनसुकै प्रकारको धितोमा त्यस्तो कर्जाको सावाँ, ब्याज चुक्ता नहुञ्जेलसम्म कोषको अधिकार कायमै रहनेछ ।"

१६. **मूल ऐनको दफा ३७ मा संशोधन**: मूल ऐनको दफा ३७ को उपदफा (१) मा रहेका "हिसाब किताबको लेखा" भन्ने शब्दहरुपछि "प्रचलित कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा" भन्ने शब्दहरु थपिएका छन् ।

१७. **मूल ऐनमा दफा ३९क. थप**: मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छ :-

"**३९क. लेखापरीक्षण समिति**: (१) आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

१८. **मूल ऐनको दफा ४२ मा संशोधन**: मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कोषको दैनिक कार्य सञ्चालनको लागि नेपाल सरकारले अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र वा वाणिज्य कानून विषयमा स्नातकोत्तर गरेको र आर्थिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएको व्यक्तिमध्येबाट एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ।"

(२) उपदफा (२) मा रहेका "पाँच वर्षको" भन्ने शब्दहरुको सट्टा "चार वर्षको" भन्ने शब्दहरु राखी सोही उपदफाको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशक निज नियुक्ति हुँदाका बखत कायम रहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकलाई कार्यक्षमताको अभाव, लापरबाही वा खराब आचारण वा सन्तोषजनक कार्यसम्पादन नगरी निष्क्रिय भएको कारणबाट कोषले कुनै हानि नोक्सानी व्यहोर्नु परेको वा कोषको काम कारबाही सुचारु हुन नसकेको देखिएमा नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।"

(४) उपदफा (४) मा रहेको "कर्मचारीहरुको" भन्ने शब्दपछि "योग्यता," भन्ने शब्द थपिएको छ ।

१९. **मूल ऐनको दफा ५० मा संशोधन**: मूल ऐनको दफा ५० को सट्टा देहायको दफा ५० राखिएको छ :-

"५०. **अनुगमन तथा निरीक्षण**: (१) नेपाल सरकार, अर्थ मन्त्रालयले कोषको काम, कारबाही, कोषले सञ्चालन गरेका योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि अर्थ मन्त्रालयले नेपाल सरकारको कुनै राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा सम्बन्धित क्षेत्रको विज्ञलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको निरीक्षकले कोषको सम्पूर्ण बही खाता, हिसाब किताब, लेखा, कागजात वा विद्युतीय अभिलेख निरीक्षण गर्न वा त्यसको विवरण वा प्रतिलिपि माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निरीक्षकले मागेको कागजात वा विवरण उपलब्ध गराउनु कोषका कार्यकारी निर्देशक लगायत सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको वा नियुक्त गरिएको निरीक्षकले उपदफा (१) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम गरिने अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

२०. **मूल ऐनमा दफा ५२ मा संशोधन**: मूल ऐनको दफा ५२ मा रहेको "बचत कोष" भन्ने शब्दहरुको सट्टा "अवकाश कोष" भन्ने शब्दहरु राखिएको छ ।

२१. **मूल ऐनमा दफा ५२क. थप**: मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-

"**५२क. मुद्दति निक्षेपमा लगानी सम्बन्धी विशेष व्यवस्था**: (१) लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना वा कोषमा अन्य स्रोतबाट जम्मा हुने रकम कोषले कुनै वाणिज्य बैंकमा समयकालीन मुद्दति निक्षेपमा जम्मा गरी लगानी गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम जम्मा भएको रकम र सोको ब्याज वा अन्य कुनै शुल्क भए सो समेत कोष र सम्बन्धित वाणिज्य बैंकबीच भएको सम्झौता बमोजिम बैंकले कोषलाई भुक्तानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लगानी गरेको रकम सम्बन्धित बैंकले उपदफा (२) बमोजिमको कोषलाई भुक्तानी नगरेमा कोषले यस ऐन र प्रचलित कानून बमोजिम त्यस्तो रकम असुल उपर गर्न सक्नेछ ।"

२२. **मूल ऐनको दफा ५३ मा संशोधन**: मूल ऐनको दफा ५३ मा रहेका "सबभन्दा पहिलो हकदाबी कोषको रहनेछ" भन्ने

शब्दहरुको सट्टा "सो सङ्गठित संस्थाको धितो लिने अन्य साहु सरह कोषको समान अधिकार रहनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

२३. **मूल ऐनमा दफा ५३क. थप**: मूल ऐनको दफा ५३ पछि देहायको दफा ५३क. थपिएको छ :-

"**५३क. कालोसूचीमा राख्ने**: (१) कोषसँग कुनै ठेक्का सम्झौता गरेको, कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार भएको, कोषले लगानी गरेको वा कोषबाट ऋण लिएको कुनै व्यक्ति वा सङ्गठित संस्थाले कोषलाई कुनै हानि नोक्सानी पुऱ्याएमा वा कोषलाई तिर्न बुझाउन पर्ने रकम तोकिएको अवधिभित्र नबुझाएमा त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई कोषले प्रचलित कानून बमोजिम कालोसूचीमा राख्नको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति वा सङ्गठित संस्थालाई प्रचलित कानून बमोजिम कालोसूचीमा राखी सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कालोसूचीमा राखिएको व्यक्ति वा सङ्गठित संस्थालाई कोषले सो कालोसूचीबाट हटेको दुई वर्षसम्म कुनै ऋण दिने, ठेक्कापट्टा दिने वा हिस्सेदार बनाउने वा कुनै किसिमको लगानी गर्ने छैन ।"

२४. **मूल ऐनको दफा ५६ मा संशोधन**: मूल ऐनको दफा ५६ को,-

(१) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुपछि "प्रचलित कानून बमोजिम इजाजतप्राप्त

व्यक्तिहरुमध्येबाट एकजना" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम नियुक्त लिक्वीडेटरको काम, कर्तव्य र अधिकार दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम नियुक्त लिक्वीडेटरलाई भए सरह हुनेछ ।"

२५. **मूल ऐनको दफा ५७ मा संशोधनः** मूल ऐनको दफा ५७ को,-

(१) खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन् :-

"(घ) कोषले लिएको ऋण तथा अन्य दायित्व बापतको रकम,

(ङ) नेपाल सरकारलाई कोषले भुक्तानी गर्नु पर्ने कर तथा अन्य रकम,"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) र (छ) थपिएका छन् :-

"(च) अग्राधिकार शेयरधनीहरुको शेयर बापतको रकम,

(छ) यस दफा बमोजिम दायित्व भुक्तानी गर्दा कुनै रकम बाँकी रहेमा त्यसरी बाँकी रहेको रकम अन्य शेयरधनीहरुलाई समानुपातिक हिसाबमा भुक्तानी दिने ।"

२६. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को उपदफा (१) मा रहेका "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु र "एक वर्षसम्म" भन्ने

शब्दहरुको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

२७. **मूल ऐनमा दफा ६० थप**: मूल ऐनको दफा ५९ पछि देहायको दफा ६० थपिएको छ :-

"६०. **कार्यविधि बनाउन सक्ने**: कोषले यस ऐन कार्यान्वयन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"

**आज्ञाले,**
**ऋषि राजभण्डारी**
**नेपाल सरकारको सचिव ।**

प्रमाणीकरण मितिः २०७७।४।१३



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३